मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज २७ गते सोमबार ❑ 13 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## पूर्वसभामुख महरा पक्राउ

रासस
काठमाडौं, २६ असोज



पूर्वसभामुख कृष्णबहादुर महरालाई पक्राउ गरिएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले आइतबार उहाँलाई पक्राउ गरेको हो ।

ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक एवं सूचना अधिकारी शिवकुमार श्रेष्ठद्वारा जारी प्रेस विज्ञप्तिमा सुन बेचबिखन गरी आपराधिक समूह बनाई सङ्गठित रूपमा लाभ लिएको अभियोगमा उहाँलाई पक्राउ गरिएको उल्लेख छ । विज्ञप्तिमा विसं २०७९ पुष १० गते दुबईबाट नेपाल आएका चिनियाँ नागरिक ली हानसोङले दुईवटा सुटकेसभित्र ७३ बट्टामा रहेको ७३० इलेक्टिक सिगरेट अवैध रूपमा त्रिभुवन विमानस्थल हुँदै नेपाल ल्याउँदै गरेको अवस्थामा जफत भएकामा त्यसलाई बेचबिखन गरी महराले लाभ लिएको आरोप छ ।

"उक्त सुन त्रिभुवन अन्तरराष्ट्रिय भन्सारको स्टोरमा राखिएकामा उक्त कार्यालयका नायब सुब्बा रेवन्त खड्कासमेतले आफ्नो जिम्मा र संरक्षण रहेको नेपाल सरकारको गोदामबाट उक्त सुनसहितको सिगरेटमा रहेको रु आठ करोड ५५ लाख २८ हजार ३७४ बराबरको सुन बेचबिखन गरी आपराधिक समूह बनाई सङ्गठित रूपमा लाभ लिएको देखिएकाले भन्सार ऐन, २०६४ तथा आपराधिक लाभ र सङ्गठित अपराधमा संलग्न महरालाई पक्राउ गरी थप अनुसन्धान कार्य भइरहेको छ", विज्ञप्तिमा भनिएको छ ।"

## विश्वकप क्रिकेट छनोट: युएईमाथि नेपालको जित

रासस
काठमाडौं, २६ असोज

आइसिसी ट्वान्टी-२० विश्वकप एसिया एन्ड इस्ट एसिया प्यासिफक छनोटको सुपर सिक्सको आफ्नो पहिलो खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई) लाई हराउँदै विजयी भएको छ ।

ओमानको अल अमेरतस्थित ओमान क्रिकेट एकेडेमीतर्फ-१ मा आइतबार भएको खेलमा नेपालले युएईलाई एक रनले पराजित गर्दै विजयी भएको हो । नेपालले जितको दिएको १४१ रनको लक्ष्य पछ्याएको युएईले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १३९ रनमा समेटियो ।

युएईका लागि अलिशान सराफूले अर्धशतकीय पारि खेले पनि जितका लागि पर्याप्त हुन सकेन । उनले तीन चौका र पाँच छक्काको मद्दतमा ५८ रन बनाए । त्यसैगरी ध्रुव पराशरले १८ बलमा ३२ रन बनाए भने जोनाथन फिगीले १९ रन बनाए ।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले तीन विकेट लिँदा गुल्सन झा, सन्दीप लामिछाने र सोमपाल कामीले समान एक-एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १४० रनको योगफल बनाएको थियो । नेपालका लागि आसिफ शेखले ४७ बलमा ५१ रन बनाए । त्यस्तै कुशल भुर्तेलले २८ रन तथा कप्तान रोहित पौडेले २० तथा गुल्सन झाले १४ रन बनाए ।

युएईका लागि जुनेद सिद्दिकी, मुहम्मद रोहिद, जाहिद अली, ध्रुव पराशर, हर्षित कौशिक र हेदर अलीले समान एक-एक विकेट लिए । नेपालले आफ्नो दोस्रो खेल सोमबार कतारसँग खेल्नेछ । उक्त खेल नेपाली समयअनुसार बेलुका ८:४५ बजे हुनेछ ।

## मङ्सिर अन्तिम साता ११औँ महाधिवेशन गर्ने एमाले सचिवालय बैठकको निर्णय

रासस
काठमाडौं, २६ असोज

नेपाल कम्युनिष्ट पार्टी (एमाले) सचिवालय बैठकले पार्टीको ११औँ महाधिवेशन आगामी मंसिरमा आयोजना गर्ने निर्णय गरेको छ ।

अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा भक्तपुरको गुण्डुस्थित ओली निवासमा आज सम्पन्न बैठकले आगामी मङ्सिर अन्तिम साता महाधिवेशन आयोजना गर्ने निर्णय गरेको उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो ।

महाधिवेशनको मिति र स्थान यही असोज २९, ३०, ३१ गते बस्ने पार्टी केन्द्रीय कमिटी बैठकले तय गर्ने जानकारी दिँदै उहाँले देशको विषम परि स्थितिका कारण एक वर्षअघि नै महाधिवेशन गर्न लागेको उहाँले बताउनुभयो । विसं २०७८ मङ्सिर १० देखि १४ गतेसम्म भएको १०औँ महाधिवेशनले पाँच वर्षका लागि ओली नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो भने एमालेको दोस्रो विधान महाधिवेशन भदौ २० देखि २२ गतेसम्म ललितपुरको गोदावरीमा सम्पन्न भएको थियो । बैठकले बैठकले प्रतिनिधिसभा पुनःस्थापना हुनुपर्ने मागसमेत गरेको उहाँले जानकारी दिनुभयो । यस्तै, सरकारले सबैलाई एकताबद्ध बनाएर लैजान सक्नुपर्ने बैठकको निष्कर्ष रहेको सुनाउनुभयो ।

आइतबारको बैठकमा उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र विष्णु रिमाल, सचिवहरू योगेश भट्टराई, छविलाल विश्वकर्मा, पद्मा अर्याल, गोकर्ण विष्ट, रघुवीर महासेठ र लेखराज भट्टले पछिल्लो राजनीतिक घटनाक्रमका विषयमा आफ्नो धारणा राख्नुभएको थियो । यसअघि शुक्रबार सचिवालयका अन्य सदस्यले धारणा राख्नुभएको थियो ।

## यसवर्ष पोखरामा धानको उत्पादन बढ्ने

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

यसवर्ष पोखरा महानगर क्षेत्रमा धानको उत्पादन बढ्ने भएको छ ।

धानका लागि मौसम अनुकूल रहनुका साथै फाँटमा धानबाली सप्रिएकाले उत्पादन बढ्ने अनुमान गरिएको हो । पोखरा महानगरपालिका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले यसवर्ष गत वर्षको तुलनामा धानको उत्पादन बढ्ने अनुमान गरिएको बताउनुभयो ।

उहाँका अनुसार पोखरा महानगर क्षेत्रमा वार्षिक ३८ हजार मेट्रिकटन धान उत्पादन हुने गरेको छ । स्थानीय जातको धान प्रवर्द्धन गर्ने उद्देश्यका साथ महानगरले बर्सेनि पोखरेली जेठोबूढो धानको बीउ अनुदानमा वितरण गर्दै आएको जानकारी दिँदै उहाँले यस वर्ष आठ हजार किलो बीउ वितरण गरिएको बताउनुभयो ।

कृषि विकास शाखा प्रमुख कडरियाका अनुसार पोखराका पामे, बिरौटा, कुडहर, अर्मला, आर्वाका साथै लेखनाथ क्षेत्रका पटनेरी, सिसुवा, सुरौदी, मालमुल, गगनगौँडालगायत स्थानका फाँटमा धान उत्पादन प्रशस्त हुने गरेको छ ।

"पोखरा क्षेत्रमा मनसुलीसहित अन्य नयाँ उन्नत जातका धान पाक्न थालेका छन् । कतिपय कृषकले काट्न थालिसकेका छन्", उहाँले भन्नुभयो, "स्थानीय जातका जेठोबूढोलगायत धान पाक्न अलि ढिलो हुन्छ ।"

## कुश्मा घुम्न आएका पर्यटकको झोला बाँदरले लगेपछि...

पोखरापत्र संवाददाता
पर्वत, २६ असोज

पर्वत सदरमुकाम कुश्माको बञ्जि साइडमा अनौठो घटना घटेको छ । पछिल्लो समय गाउँघरमा बाँदर आतङ्क बढेको खबर त नौलो थिएन । तर कुश्मामा बाँदरले एक अस्ट्रेलियन नागरिकसहित दुई जनाको राहदानी नै गायब पारिदिएको छ ।

बाँदरले अष्ट्रेलियाबाट नेपाल घुम्न आएका वाल्मस्ली मेथो आडम्स र उनकी श्रीमती दिब्या कार्कीको राहदानी राखेको झोलानै गायब बनाएपछि ती पर्यटक अहिले बिलखबन्दमा परेका छन् ।

पर्वतको कुश्मास्थित बन्जी साइडमा द क्लिफले सञ्चालनमा ल्याएको बञ्जि र अर्को शाहशिक खेल जीपलाइन अवलोकनका लागि आइपुगेका पर्यटक चढेको गाडीको छतमा रहेको राहदानीसहितको झोला बाँदरले लिएर भिरतिर भागेको पीडित पर्यटकले बताएका छन् । आडम्स र कार्कीले एउटै झोलामा राहदानीसहित अन्य महत्वपूर्ण कागजात राखेका थिए ।

राहदानी बाँदरले लगेको जानकारी गराएपछि खोजीका लागि प्रहरी खटाइएको प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिनुभयो । उहाँका अनुसार शनिबार र आइतबार खोजी गर्दा पनि झोला भेटिएको छैन । "शनिबार उहाँहरू मुक्तिनाथ जान निस्किनुभएको रहेछ । कुश्मामा बन्जी घुम्न गएको बेलामा झोला गाडीको छतमा राखिएको रहेछ," उहाँले भन्नुभयो, "फर्किँदा उक्त झोला नरहेको र बाँदरले लगेको जानकारी गराउनुभएको छ ।"

खोजीका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली खटिएको थियो । 'हिजोदेखि सात प्रहरीको टोली खटाएका छौं, आज सशस्त्र प्रहरी पनि खटिएको छ,' उहाँले भन्नुभयो, 'तर भेटिएको छैन । जङ्गलतिर होला भनेर खोजिएको हो । भीर छ, छिर्न गाह्रो छ ।'

उक्त पासपोर्टसहितको झोला नभेटिएपछि उनीहरूले प्रहरीमा निवेदनसमेत दर्ता गरेका छन् । खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ । 'खोज्नका लागि हामी सक्दो प्रयास गरिरहेका छौँ । यदि पाइएन भने नयाँ प्रक्रियाबाट राहदानी लिनुपर्छ,' प्रहरी नायब उपरीक्षक यादवले भन्नुभयो ।

## पर्यटकलाई सावधानी अपनाउन आग्रह

पोखरापत्र संवाददाता
मुस्ताङ, २६ असोज

उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकलाई आवश्यक स्वास्थ्य सावधानी अपनाउन आग्रह गरिएको छ ।


उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकलाई हाइअल्टिच्युडका कारण बिरामी पर्ने समस्या देखिएसँगै त्यहाँको लोमान्थाङ गाउँपालिकाले आज सार्वजनिक सूचना प्रकाशित गरी सावधानी अपनाउन आग्रह गरेको हो ।

गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङद्वारा जारी सूचनामा उपल्लो मुस्ताङमा अत्यधिक चिसो बढ्दै गइरहेको र उच्च उचाइको क्षेत्रमा भ्रमण गर्ने पर्यटकमा लेक लाग्ने समस्या देखिएको उल्लेख छ । दसैँ-तिहार र छठ पर्वको बिदा अवधिमा यहाँ भ्रमण गर्न आउने पर्यटकले आवश्यक स्वास्थ्य सुरक्षा सावधानी अपनाएर मात्रै भ्रमण गरिदिन अनुरोध गरिएको छ । यस याममा नेपाल-चीन उत्तरी कोरलानाका र उपल्लो मुस्ताङ क्षेत्रको भ्रमण गर्न आएका पर्यटकलाई लेक लाग्ने समस्या देखिएको र समस्यामा परेका पर्यटकलाई सीमित स्रोतसाधनका बावजुत गाउँपालिकाको तर्फबाट स्वास्थ्य सेवा प्रवाह गरिएको सूचनामा उल्लेख छ ।

गाउँपालिकाले लेक लागेर सिकिस्त भएका बिरामीलाई निःशुल्क एम्बुलेन्स सेवामार्फत जोमसोमस्थित प्रदेश अस्पताल पुऱ्याउने गरिएको जनाएको छ । दसैँपछि उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटक बढ्दो रहेकाले यहाँको हावापानी र भौगोलिक समस्याका कारण हुने स्वास्थ्य जटिलतालाई मध्यनजर गर्दै आवश्यक स्वास्थ्य सुरक्षा अपनाउन अनुरोध गरिएको अध्यक्ष गुरुङले बताउनुभयो ।

गाउँपालिकाले सूचनामार्फत उपल्लो मुस्ताङतर्फ जाने पर्यटकले

बाँकी अन्तिम पृष्ठमा ▶▶



# कानुनमा प्रष्टता नहुँदा व्यवसायीक संस्था मर्कामा

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २६ असोज

संघियतासगै गठित स्थानीय सरकारहरु कानुनमा प्रष्टता नहुँदा विवादमा फस्ने गरेका छन् । संविधानमा स्थानीय सरकारले कानुन बनाउन पाउने अधिकार सुनिश्चित गरिएको छ। तर सोही संविधानले स्थानीय सरकारले कानुन बनाउदा संघिय कानुनसगँ बाझिन नपाउने अडचन राखिदिएको छ । यही शब्दका कारण अधिकांश स्थानीय सरकारहरु प्रष्ट कानुनको अभावमा विवादमा फस्दै आएका छन् । यसको सामान्य उदाहरण मेला/महोत्सव पनि हो । हरेकबर्ष मेला/महोत्सवमा स्थानीय सरकार र व्यवसायीक संस्थाहरुबिच विवाद हुनु प्रष्ट कानुनकै अभाव हो ।

स्थानीय सरकार गठन भएपछि पालिका स्तरमा गठित उद्योग वाणिज्य संघहरु मेला/महोत्सवकै कारण स्थानीय सरकारको पेलानमा पर्दै आएका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाभित्र हुने हरेक कार्यक्रम, खेलकुद, सांस्कृतिक तथा मेला/महोत्सवको स्वीकृति दिने अधिकार स्थानीय सरकारलाई छ। तर सोही कानुनले कुन संस्थाले मेला/महोत्सव गर्न पाउछन् भन्ने प्रष्ट कानुन नहुँदा स्थानीय सरकारहरु विवादित बन्दै आएका छन् । हाल यो समस्या भीरकोट नगरपालिका भित्र देखिएको छ । यहाँको एक युवा क्लवले स्टल सहित रमाइलो मेला आयोजना गरेपछि भीरकोट उद्योग वाणिज्य संघले असन्तुष्टि जनाउँदा यसको बहस शुरु भएको हो । भीरकोट नगरपालिकाले स्थानीय युवा क्लवलाई रमाइलो मेलाका नाममा व्यवसायीक स्टलहरु राख्न पाउने गरी अनुमति दिएको आरोप लगाउदै व्यवसायीक कर नतिर्ने घोषणा गरेको छ । संघले एक विज्ञप्ति जारी गर्दै स्थानीय क्लबले व्यापारिक मेला आयोजना गर्न लागेको र नगरपालिकाले अनुमतिदिएको भन्दै असन्तुष्टि जनाउदै व्यवासायीक कर नतिर्ने घोषणा गरेका हुन् । संघका अध्यक्ष नुवादत्त अर्यालले यसअघि दुईवटा ‘भीरकोट महोत्सव’ सफलतापूर्वक सम्पन्न गरी भीरकोट सहित स्याङ्जा जिल्ला र समग्र गण्डकी प्रदेशको पहिचान, कृषि र पर्यटन प्रवर्द्धनमा संघले टेवा पुर्‍याएको विज्ञप्तिमा उल्लेख गरेका छन् । हाल देशको विषम परिस्थिति र आर्थिक शिथिलताका बाबजुद स्थानीय सरकारलाई पटक-पटक लिखित तथा मौखिक अनुरोध गर्दागर्दै, सीमित राजनैतिक दादागिरीको आडमा स्थानीय क्लबलाई व्यापारिक मेलागर्न अनुमति दिइयो विज्ञप्तिमा उल्लेख गरिएको छ।

संघसँग कुनै सहमति नगरी यस्तो निर्णय गरिएकाले हामी यो निर्णय लिन बाध्य भएको विज्ञप्तीमा जनाइएको छ । मेला/महोत्सवकै कारण स्थानीय सरकार र उद्योगी व्यवसायीसगँ विवाद सिर्जना गरिदिएको छ । बाणिज्य संघले स्थानीय सरकारलाई कुनै पनि व्यवसायीक कर नतिर्ने घोषणाको जानकारी जिल्ला प्रशासन, अर्थ मन्त्रालय देखि आफ्ना प्रदेश र केन्द्रका महासंघमा पठाएको छ।

यता भीरकोट नगर प्रमुख गोविन्द कर्मचार्यले क्लवका भाइबहिनीहरुसगँ संघले समन्वय नगरेर आफै विवाद निकालेको बताए। क्लवलाई यो समय रमाइलो मेला नगर्न सुझाउदा पनि क्लवका भाइहरु नमानेकाले खेलकुद र सांस्कृतिक कार्यक्रमका लागि मात्रै नगरपालिकाले स्वीकृति दिएको उनको भनाई छ। भीरकोट नगरपालिकामा झण्डै ११ सय व्यवसायीहरुले बार्षिक कर तिदै आएको तथ्याङ्क देखिएको छ। स्याङ्जामा विगतका बर्षहरुमा पनि विभिन्न पालिकाहरुमा हुने मेला/महोत्सवमा उद्योग वाणिज्य संघहरु स्थानीय सरकारसगँ विवादित हुँदै आएका थिए। बिशेषगरी गल्याङ, वालिङ, पुतलीबजार नगरपालिकाहरुमा पनि यस्तै विवाद हुदै आएको पाइन्छ । जहाँपनि युवा क्लव र उद्योग वाणिज्य संघमै मेला महोत्सवका बिषयमा झमेला हुने गरेको देखिन्छ । प्रशासनकै सहजिकरणमा विवादलाई अन्त्य गरिएपनि सधैका लागि यस्ता विवादहरु समाधान गर्नेतर्फ लाग्नुपर्नेमा सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलको सुझाव छ । हरेक मेला/महोत्सव लगायत अन्य कार्यक्रमको अनुमति दिने काम स्थानीय सरकारको रहेको र शान्तिसुरक्षा प्रदान गर्ने काम प्रशासनको भएकाले यस्ता विवादहरु स्थानीय सरकारलेनै मिलाउनुपर्नेसुझावसहायकप्रजिअ पौडेलको छ।

`त्सव कसले गर्न पाउछ पाउदैन भन्ने बिषयमा बसेर पालिहरुसगँ सहजिकरण गरिदिन प्रशासनले सहयोग गर्न सकिने पौडेलले बताए। संस्था दर्ता गर्दा उद्देश्य हेरेर मात्रै मेला/महोत्सवको स्वीकृति दिनुपर्ने पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु बताउछन्। हरेक पटक विवाद हुँदा यसको समस्या प्रमुख प्रशासकीय अधिकृत माथी थोपरिने गरेको उनीहरुको भनाई छ । कानुनमै प्रष्ट उल्लेख गर्न सकिने हो भने सधैका लागि विवाद अन्त्य हुने देखिन्छ । उद्देश्य मिल्ने संस्थाले उद्देश्य अनुसारको स्वीकृति लिने र दिने कानुन बनाउन आवश्यक देखिएको जानकारहरु बताउछन् । मेला/महोत्सव फाइदाका लागि गरिने व्यवसाय भएकाले पनि यसमा सबैको आकर्षण बढ्न थालेको छ । सामाजिक संघसंस्था देखी, आमा समुह, युवा क्लव लगायतको आकर्षण मेला/महोत्सव गर्नेमा देखिन्छ।

मेला/महोत्सवबाट राजनीतिक स्वार्थपुर्ति गर्न पाइने र व्यवसायीक फाइदा हुने भएपछि उद्योग वाणिज्य संघहरुलाई ओझेलमा पार्ने क्रियाकलाप बढ्न थालेको देखिन्छ । पालिकालाई कर तिर्ने संस्थाहरुलाई मर्कामा पारेर कर नतिर्ने संघसंस्थाहरुलाई फाइदाजनक व्यवसायीक मेला/महोत्सवमा रोक लगाउन पालिकाले अग्रसरता देखाउनुपर्ने स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष महादेव श्रेष्ठको भनाई छ । नीजि क्षेत्रकै अग्रणी संस्थाको रुपमा रहेका उद्योग वाणिज्य संघ व्यावसायीको हकहितका लागि खोलिएका संस्था भएकाले स्थानीय सरकार मात्रै नभएर तीनैतहका सरकारहरु गम्भीर हुनुपर्ने उनको भनाई छ । बजारलाई चलायमान बनाउने र उत्पादनलाई बजारीकरणमा सहयोग गर्ने नीजि क्षेत्रको काम भएकाले यस्ता मेला/महोत्सव उद्योग वाणिज्य संघ बाहेक अन्यले गर्न नपाइने प्रष्ट कानुन बनाउनु पर्ने माग श्रेष्ठको छ । हरेक पटक महोत्सव गर्ने बेलामा स्थानीय सरकारसगँ विवाद हुन थालेपछि केन्द्र, प्रदेशका उद्योग वाणिज्य संघ सम्म यो बिषय पुर्‍याएको उनले बताए । नीजि क्षेत्रले गर्नुपर्ने मेला/महोत्सव उद्देश्य नै नबोकेका संस्थाहरुलाई पालिकाले अनुमति दिदा विवाद सिर्जना भएको उनको तर्क छ।

यसका लागि कानुनमै प्रष्ट उल्लेख गरेर पालिकाहरुले विवादित बन्ने बाटो राक्नु आवश्यक देखिन्छ । मेला/महोत्सवको मनोरन्जन कर बापत प्रदेश सरकारलाई पठाउनु पर्ने कानुनी व्यवस्था छ। तर मनोरन्जन करका बिषयमा पनि प्रदेशले प्रष्ट कानुनमा उल्लेख नगरेकाले पनि पालिकाहरुले मनोरन्जन कर उठाउन सकेका छैनन् । यसका जनप्रतिनिधिहरुको स्वार्थ बाझिने र प्रष्ट कानुनी व्यवस्था नभएका कारण यो प्रकारको राजस्व ओझेलमा परेको देखिन्छ । कर तिर्न पनि नपर्ने र फाईदा हुने हुँदा स्थानीय युवा क्लवहरु मेला महोत्सव गर्न आकर्षण बढेको देखिन्छ।



जिप्रका तनहुँमा सेवाग्राहीको भीडः जिल्ला प्रशासन कार्यालय तनहुँमा राष्ट्रिय परिचयपत्र दर्ताका लागि आइतबार सेवाग्राहीको भीड । जेनजी आन्दोलनपछि कार्यालयले एक महिनापश्चात आइतबारबाट परिचयपत्र दर्ताको काम सुरु गरेको छ। तस्बिर : कृष्ण न्यौपाने/रासस

# क्रिकेट संघको साधारण सभामा ७ जना खेलाडीलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

गण्डकी प्रादेशिक क्रिकेट संघले चौथो वार्षिक साधारण सभाको अवसरमा ७ जना खेलाडीहरुलाई नगद सहित सम्मान गरेको छ।

विभिन्न उमेर समूहबाट राष्ट्रिय हुदै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाईसकेका प्रदेशका चार महिला र तीन पुरुष खेलाडीलाइृ पोखरामा आयोजित संघको साधारण सभाको अवसरमा खेलाडीहरुलाई प्रोत्साहन स्वरुप नगद सहित सम्मान गरिएको संघ गण्डकीका अध्यक्ष संजयकान्त सिग्देलले बताउनु भयो । सम्मानित हुने महिला खेलाडीहरुमा कुसुम गोदार, सिमना केसी, ज्योस्निका मरासिनी र रचना चौधरी रहनु भएको छ भने पुरुष तर्फ सोहेल कुँवर, सिब्रिन श्रेष्ठ र अपराजित पौडेललाई नगदसहित सम्मान गरिएको हो । पोखरा महानगरपालिका मेयर धनराज आचार्यले खेलाडी तथा खेलाडीहरुको अनुपस्थितीमा उहाँका आफन्तलाई जनही नगद १० हजार रुपैयाँ प्रदान गर्नु भएको हो । मेयर आचार्यले नेपालमा सन् २०२७ मा आयोजना हुने यु १९ महिला विश्वकप क्रिकेटका लागि आफुहरु आवश्यक पूर्वाधार निर्माणको लागि सहजीकरण गर्न तयार रहेको बताउनु भयो । पूर्वाधारको सवालमा केहि समस्या आएको उल्लेख गर्दै उहाँले पोखरा रंगशालास्थित क्रिकेट मैदानका लागि महानगरले बजेट छुट्याउन तयार हुँदाहुँदै पनि मैदान महानगरको अधिकारभन्दा बाहिर रहेकाले समस्या रहेको बताउनु भयो। उहाँले भन्नुभयो ‘हामी आईसिसी, एसिसी र क्यानका पदाधिकार संग पनि २०२७ को यु १९ विश्वकप क्रिकेटका लागि पूर्वाधार बारेमा छलफल गरेका छौं, महानगरपालिका यसमा सकरात्मक छ तर, पोखरा रंगशालाको अधिकार हामीलाई नभएकाले चाहेरपनि काम गर्न सक्ने अबस्थामा छैनौं, यदि स्थानिय तहलाई जिम्मेवार दिएमा हामी त्यसको सम्पूर्ण व्यबस्थापन गर्न सक्छौं ।” नेपाल क्रिकेट संघका उपाध्यक्ष रोशन सिंहले पूर्वाधार नहुदाँ चाहेर पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न नसकिने दाबी गर्नु भयो । पूर्वाधारसहित सुरक्षा चुनौतिमा ध्यान दिन आग्रह गर्दै उहाँले जिल्ला र प्रदेश क्रिकेट संघ बलियो भएमात्रै केन्द्रीय संघ बलियो हुने तर्क गर्नुभयो।

संघका केन्द्रीय सदस्य सुदिप शर्माले सन २०२७ मा महिला यु १९ विश्वकप आयोजना गर्ने संघारमा रहँदा पोखराको विकल्प नभएको बताउदै यसमा अभियानकै रुपमा अघि बढाउन सुझाव दिनुभयो। अन्तर ाष्ट्रियस्तरको प्रतियोगिताको लागि काठमाण्डौं पछि अर्को विकल्प पोखरा रहेको तर्क गर्दै उहाँले त्यसको लागि पोखरामा पूर्वाधार निर्माण अत्यावश्यक भएको दाबी गर्नुभयो। संघले पूर्वाधार निर्माण गर्न नसक्ने बताउदै उहाँले स्थानीय तहले पनि पूर्वाधारमा लगनी गर्न शर्माले आग्रह गर्नुभयो । प्रदेश खेलकुद परिषद गण्डकीका बोर्ड सदस्य विनय थापाले प्रदेश सरकारले विनियोजन गर्ने बजेट पनि व्यवहारिक नभएको दाबी गर्नुभयो।

रिजल्ट दिने खेललाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्नुपर्ने बताउदै उहाँले सबै खेलसंघलाई एकै ढंगले हेर्न नहुने उल्लेख गर्नुभयो। साधारण सभामा कास्की,तनहुँ, पर्वत, बाग्लुङ, स्याङजा र नवलपुरका जिल्ला प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । संघका अध्यक्ष सन्जयकान्त सिग्देलको अध्यक्षतामा बसेको साधारण सभामा केही महिना अघि आयोजित महिला क्रिकेट प्रतियोगिता तर्फ सहभागि भएका कास्की, पर्वत, स्याङजा र नवलपुरका खेलाडीहरुलाई १६ थान क्रिकेट जुक्ता(रबर स्पाईक) हस्तान्तरण गरिएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरूङ लगायतले क्रिकेटको बारेमा चर्चा गर्नुभयो।

# कास्की काँग्रेसको भवन मर्मत सम्भारका लागि समिति

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

नेपाली काँग्रेस कास्कीको भवन मर्मत सम्भारका लागि समिति गठन गरिएको छ।

नेपाली काँग्रेस कास्कीका सचिव देवेन्द्र रानाभाटको संयोजकत्व भवन मर्मत सम्भार समिति गठन गरिएको हो । समितिको सदस्य सचिवमा पार्टीका सहसचिव एवं प्रवत्ता नवीन सिग्देल, सदस्यमा कोषाध्यक्ष माइकल कर्माचार्य, सदस्यमा पार्टीका सदस्यहरु बाबुराम गिरी र बुद्धिमान गुरुङ रहनु भएको छ । कास्की काँग्रेसका सभापति किशोरदत्त बरालको अध्यक्षतामा पदाधिकारीहरुको बैठकले समिति गठन गरेको हो। जेनजी प्रदर्शनका क्रममा भदौ २४ गते पोखरा चिप्लेढुङ्गा स्थित नेपाली काँग्रेस कास्कीको पार्टी कार्यालयमा पनि आगजनी र तोडफोड भएको थियो। भवन मर्मत सम्भारका लागि ठूलो रकम खर्च लाग्ने अनुमान गरिएको छ । पार्टीका सदस्य एवं शुभेच्छुकसँग सहयोग संकलन गरि भवन मर्मत सम्भार गरिने प्रवत्ता नवीन सिग्देलले जानकारी दिनुभयो।

# पर्यटकलाई ...

यात्रा गर्दा स्वास्थ्य अवस्था सम्वन्धि बिचार गर्नुपर्ने, दीर्घ रोगका बिरामीले यात्रा गर्दा चिकित्सकको सल्लाह लिएर यात्रा गर्न, चिसोबाट बच्न लगाइने स्वास्थ्य सुरक्षा सामग्री व्यवस्था गर्न, खाली पेटमा यात्रा नगर्न, दैनिक चार/पाँच लिटर पानी पिउन र तरल पदार्थ सेवन गरेर मात्रै यात्रा गर्न तथा विभिन्न ठाउँमा विश्राम लिँदै यात्रा गर्न अनुरोध गरेको हो ।

नेपाल-चीन उत्तरी कोरलानाका अवलोकनका लागि दैनिक दुई हजारको सङ्ख्यामा पर्यटक आउने गरेको लोमान्थाङ-२ न्हेचुङस्थित सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट बिओपीले जनाएको छ। सशस्त्र प्रहरी निरीक्षक विष्णुहरी थापाका अनुसार कोरला नाकामा पुगेका पर्यटकलाई हाइअल्टिच्युडको समस्या हुने र सवारी साधन चिसोका कारण चल्न नसक्ने जस्ता समस्या देखिएको बताउनुभयो। बिओपीले कोरलानाका भ्रमण गर्ने पर्यटकलाई बिहान ७ बजेदेखि दिउँसो २ बजेसम्म मात्रै यात्रा गर्न अनुरोध गरेको छ।

# देश बचाउन जनता जाग्नुपर्छः अध्यक्ष केसी

रासस
चितवन, २६ असोज

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले देश बचाउनका लागि जनता जाग्ने समय आएको बताउनुभएको छ।

अखिल नेपाल जनजाति सम्मेलनको पाँचौं महाधिवेशनको आज यहाँ उद्घाटन गर्दै अध्यक्ष केसीले देशमा विदेशी चलखेल बढेको भन्दै जनता जाग्ने समय आएको बताउनुभयो । अहिलेको अवस्थामा नेपालको रक्षाका लागि नेपाली जनता एक हुन आवश्यक रहेको उहाँको भनाइ थियो। “नेताहरू स्वच्छ र इमान्दार नभएका कारण यो समस्या आएको हो”, अध्यक्ष केसीले भन्नुभयो, “नेताहरूमा जनताको चिन्ताभन्दा अघिपछि हिँड्नेको चिन्ता हुँदा अहिले जेनजीले आन्दोलन गरेको हो।” यसैगरी नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महामन्त्री मोहनविक्रम सिंह राजनीतिक नेतृत्वमा आएपछि पहिलोपटक राजनीतिक कार्यक्रमलाई सम्बोधन गर्नुभएको छ । अखिल नेपाल जनजाति सम्मेलनको पाँचौं महाधिवेशनलाई उहाँले आज नारायणगढमा सम्बोधन गर्नुभएको हो । सम्बोधनगर्दैमहामन्त्रीसिंहलेजेनजी आन्दोलनको फाइदा स्वार्थरत राजनीतिक दलहरूले लिएको बताउनुभयो । जेनजी आन्दोलन भ्रष्टाचारको विरुद्ध भए पनि उग्र हुनु भनेको स्वार्थका लागि खेल खेलिएको आफूले महसुस गरेको उहाँले बताउनुभयो । कार्यक्रममा अखिल नेपाल किसान महासङ्घका अध्यक्ष भैरव रेग्मी, अखिल नेपाल युवक सङ्घका अध्यक्ष गणेश अधिकारी, अखिल नेपाल ट्रेड युनियन महासङ्घका महासचिव शालिकराम सापकोटालगायतले वर्तमान राजनीतिक परिवेशमा पार्टी र जनवर्गीय सङ्गठनले खेल्नुपर्ने भूमिकाबारे आ-आफ्नो धारणा राख्नुभएको थियो । महाधिवेशन सोमबारसम्म चल्ने छ। सम्मेलनले नयाँ नेतृत्व चयन गर्नेछ।

# पोखरामा स्कोरपियोको ठक्करले एक बृद्धको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

पोखरामा स्कोरपियोको ठक्करले एक बृद्धको मृत्यु भएको छ।

पोखरा २५ हेमजाको नहरचोकमा शनिबार बेलुका ६:५५ बजे ग ३ च ९८१६ नम्बरको स्कोरपियोले ठक्कर दिदा स्थानिय ६७ बर्षीय बृद्ध आस बहादुर बि.क.को मृत्यु भएको जिल्ला ट्राफिक कार्यालय कास्कीले जनाएको छ।

स्कोरपियोको ठक्करले शक्त घाइते भएका बि.क.को फिस्टेल हस्पतालमा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । चालक रुपा गाउँपालिका ६ का ४१ बर्षीय हिरामणि पंगेनीलाई प्रहरीले आफ्नो नियन्त्रणमा लिएको छ।

तिव्र गतिका कारण पैदलयात्री बि.क.लाई ठक्कर दिएको स्थानियले गुनासो गरेका छन भने उक्त स्कोरपियोको नविकरण भने दुर्घटनाको भोलि पल्ट भएकोले उक्त घटना थप शंकास्पद भएको मृतकका आफन्तले जनाएका छन् । उक्त घटनाको बारेमा अनुसन्धान भई रहेको जिल्ला ट्राफिक कार्यालय कास्कीले जनाएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# हस्ताक्षर अभियानले कांग्रेसमा नयाँ संकट

नेपाली कांग्रेसका महामन्त्री गगन थापा र विश्व प्रकाश शर्माको सक्रियतामा विशेष महाधिवेशनका लागि गरिएको हस्ताक्षर अभियानमा पाको पुस्ता असहमत भएको छ। पार्टीका पूर्व पदाधिकारी र संस्थापन इतर पक्ष विशेष महाधिवेशनको नाममा गरिने हस्ताक्षरले पार्टीलाई विभाजन गराउने हुँदा त्यसको विपक्षमा उभिएका छन। पूर्व महामन्त्री कृष्ण प्रसाद सिटौलाले हस्ताक्षर अभियान पार्टी फुटाउने तर्फ लान सक्ने भनी असहमति जनाएका थिए। संस्थापनका पनि केही नेता मौका यही हो भनेर हस्ताक्षर अभियानमा लागेका बेला इतर पक्ष भने विपक्षमा देखिएको छ। नेपाली कांग्रेसभित्र इतर समूहका नेता डा. शेखर कोइरालाको समूह विशेष महाधिवेशनको विपक्षमा देखिएको छ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन माग गर्न आवश्यक पर्ने हस्ताक्षर जुटाइसकेको र डा. शेखर कोइराला समूह पनि आफूहरूको समर्थनमा रहेको बताइरहेको बेलामा कोइरालासहित नेताहरूले भने त्यसको प्रतिवाद गरेका छन्। साथै आफू निकटका नेताहरूलाई त्यसको भ्रममा नपर्न आग्रह गरेका छन्। डा. कोइरालानिकट केन्द्रीय सदस्य सञ्जय गौतमले भविष्यमा पार्टीलाई फुटको संघारसम्म लैजान सक्ने विशेष महाधिवेशनको पक्षमा आफूहरू नरहेको प्रष्ट पारेका छन। 'विशेष महाधिवेशनले तत्कालै पार्टीमा विग्रह ल्याउँछ। भविष्यमा पार्टीलाई फुटको संघारसम्म लैजान्छ। यस्तो कामको पक्षमा हामी छैनौं,'हामी विधि र प्रक्रिया पुऱ्याएर मंसिरमा नियमित महाधिवेशन हुनुपर्छ भन्ने पक्षमा छौं।' कांग्रेसमा ताते खाउँ भन्ने पक्ष बाहेक पार्टीको दिर्घकालीन हित चाहनेहरु विपक्षमा छन्। विशेष महाधिवेशनको पक्षमा शेखर समूहका नेताहरूले पनि हस्ताक्षर गरिरहेका छन् भनेर भ्रम फैलाइएको र कसैले पनि हस्ताक्षर नगरेको इतर पक्षका नेताको भनाइ छ। 'बाहिर कता कता हाम्रो समूहका नेताले पनि विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेको कुरा आइरहेको छ, त्यसमा एक रत्ति पनि सत्यता छैन डा. शेखर पक्षक ' गौतमले भने, 'म नेता कार्यकर्तालाई यो भ्रममा नपर्न आग्रह गर्दछु।'

बिहीबार बसेको कांग्रेसका पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा डा. शेखर कोइरालाले मंसिरमा नियमित महाधिवेशन गर्नुपर्ने बताएका थिए। 'मैले दुई वर्ष पहिलादेखि २०८२ मंसिरभित्र १५ औं महाधिवेशन गरौं भन्दै आएको हुँ। अहिले परिस्थितिले हामीलाई त्यही विन्दुमा पुऱ्याएको छ,' डा. कोइरालाले बैठकमा भनेका थिए, 'तसर्थ विधानले तोकेको समय चार वर्ष मंसिरमा सकिन्छ। म्याद नथपी विधिसम्मत तरिकाले नियमित महाधिवेशन गर्नुपर्छ। अहिले कांग्रेसमा नियमित अधिवेशनको पक्षमा धेरै छनातर दुवै महामन्त्री अहिल्यै महाधिवेशन गरेर पार्टी कब्जामा लिने जस्तो गरि आक्रामक तरिकाले प्रस्तुत भएका छना।जुन शैली संस्थापन र संस्थापन इतरलाई पनि चित्त बुझेको छैन।

कोइरालानिकटले मंसिरमा नियमित महाधिवेशन गर्ने कार्यतालिका नै सार्वजनिक गरेका छन्। पाँच बुँदामा कुन बेला के गर्ने भन्ने विषय उल्लेख गरेका छन्। क्रियाशील सदस्यको प्रक्रिया चाँडो टुंग्याउन अहिलेको क्रियाशील सदस्यबारे गठन गरेको समितिमा थप १५ जना राखौं र सबैलाई प्रदेशअनुसार जिम्मा दिनुपर्ने। केन्द्रीय समितिले १४ का सबै क्रियाशीलको नवीकरण भएको निर्णय गराउने र क्युआर कोड बनाएर एक हप्ताभित्र तोकेको दस्तुर तिर्नेजतिको नवीकरण भयो भन्नुपर्ने। कार्तिक १०–२० सम्म प्रत्येक वार्डमा कम्तीमा १०० जना पुग्नेगरी वा धेरै भएका ठाउमा २० प्रतिशत नयाँ थप्नेगरी अनलाइन रजिस्टर गर्न भनौं। १२–१५ कात्तिकमा हरेक वडामा नयाँ क्रियाशील अभियान र पुराना छुट नवीकरण गर्न भन्नुपर्ने।

कार्तिक २० मसान्तसम्म सबै क्रियाशीलको विवाद जिल्ला प्रदेश र केन्द्रको समितिले समन्वय गरी निर्णय गरी र टुंग्याउनुपर्ने। १३औंमा जस्तै मंसिर ३ बाट वडामा सुरु गरेर २० गतेसम्म सबै जिल्लामा क्रियाशीलको विवाद टुंग्याउने। मंसिर २५ मा उद्घाटन र २७ मा प्रदेश र केन्द्रको एकै दिन निर्वाचन गराऔं। सबै महाधिवेशन प्रतिनिधिलाई काठमाडौं नओसारी प्रदेशको केन्द्रमा मत खसाल्ने वातावरण बनाऔं भन्ने प्रस्ताव छायो असम्भव छैन। तर पार्टीका सबै जिम्मेवार बन्नुपर्नेछ।

# मखमली फूलले आत्मनिर्भर बन्दै महिला

**रासस**
काठमाडौं, २६ असोज

सूर्यविनायक–७ गण्डुका टोलटोल तथा घरघरमा ढकमक्क फुलेका सयपत्री र मखमली फूलले गाउँ नै उज्यालो बनेको छ। व्यावसायिक रूपमा गरिएको सयपत्री र मखमली फूल फुलेर गाउँ ढकमक्क हुँदा गाउँ नै रातामे बनेको छ। यसले नजिकिदो तिहारको झल्को दिइरहेको छ।

व्यवसायीक फूल खेतीमा रमाएका यहाँका महिलालाई आँगनदेखि बारीभरी लहरै झुलेका मखमली फूल टिपेर माला गाँस्न यतिखेर भ्याइनभ्याई भएको छ। बिहान ६ बजे बारी पुगेका महिलालाई फूल टिपेर डोको, डालो र बोरामा फूल लिएर घर आउने बित्तिकै खाना खाएर फेरी दिनभरि माला गाँस्न र गाउँमै आएका व्यापारीलाई माला बिक्री गर्न भ्याइनभ्याई हुन्छ।

तिहार नजिकिँदै आएपछि व्यवसायीक रूपमा फूल खेती गरेको यहाँका किसानलाई भने यतिखेर मखमली फूल टिपेर माला उन्न र सयपत्री फूल टिपेर मुठा पार्न भ्याइनभ्याई भएको छ। स्थानीय पुष्प व्यवसायी एवं राष्ट्रिय कृषक समूह महासङ्घकी केन्द्रीय उपाध्यक्ष अनिता बस्नेत यतिखेर किसानलाई फूल टिप्न भ्याइनभ्याई भएको बताउनु हुन्छ। गुण्डुमा मात्रै करिब ७०० रोपनी जग्गामा मखमली र ३०० रोपनी जग्गामा सयपत्री लगाएका छन्। पछिल्लो समय मखमली फूलको मालाले उचित मूल्य नपाउँदा किसान मारमा परेको उहाँ बताउनुहुन्छ। किसानले भन्दा बिचौलियाले बढी मूल्य लिने गरेको बताउदै बस्नेतले भन्नुभयो, "मखमली फूलको माला किन्न व्यापारी घरघर आउन थालेका छन्। किसानबाट एउटा माला रु २१ देखि रु २३ सम्ममा खरिद गर्छन् तर बजारमा रु ६० भन्दा बढीमा बिक्री गर्छन्। मालाको मूल्य निर्धारण नहुँदा किसान मारमा परेका छन्।" राज्यले मखमली फूलको मालामा एकरूपता ल्याउन लम्बाई र गुस्तर हेरेर मूल्य निर्धारण गर्नु पर्ने बताउदै बस्नेतले फूलखेतीबाट यहाँका महिलाले मनग्य आम्दानी गरेको बताउनुभयो। फूलखेतीबाट महिला आफ्नो घरखर्च गर्नेदेखि बचत गर्न सक्ने अवस्थामा पुगेको उहाँ बताउनुहुन्छ। गुण्डुकी उर्मिला नगरकोटीले आफ्ना बुबाले ४० वर्षअघिदेखि गर्दै आउनु भएको फूल खेतीलाई निरन्तरता दिँदै आएको बताउनुभयो। बिहान आफ्ना दुई भाई मदनकृष्ण र कविराज नगरकोटीसँगै बारीमा मखमली फूल टिप्दै गर्नुभएकी उर्मिलाले मखमली फूल उत्पादन पनि गाह्रो भएको तर आम्दानी चित्त बुझ्दो रहेको बताउनुभयो। मखमली फूलमा व्यापक किरा लाग्ने र फूल टिप्ने बित्तिकै भिटामिन हाल्नु पर्ने गरेको बताउदै उहाँले एक रोपनी जग्गामा केही वर्ष अगाडिसम्म चार हजार माला बुन्ने गरेकामा अहिले उत्पादन घटेर तीन हजार माला मात्र बनाउने फूल उत्पादन हुने गरेको बताउनुभयो।

एक रोपनी जग्गामा करिब रु ७० हजार आम्दानी हुने गरेको नगरकोटीले बताउनुभयो। उहाँले हरेक वर्ष मालाको मूल्य घट्दै गएको बताउनुभयो। यद्यपी धानभन्दा १०औं गुण बढी आम्दानी हुने भएपछि यहाँका किसान यसतर्फ आकर्षित भएका छन्। नगरकोटीले भन्नुभयो, "फूलखेतीबाट भएको आम्दानीबाट खर्च टरेको छ, चाडबाड खर्च पनि यहीबाट चलेको छ। बचत भएको भएको छ। महिलाले मात्रै होइन घरका पुरुषले पनि फूलखेतीमा सहयोग गर्छन्। आम्दानीको श्रोत बनेको छ।"गुण्डुकी ७० वर्षीया सानुमैया नगरकोटीले मखमली फूलको माला उन्दै माला गाँस्न भ्याइनभ्याई भएको बताउनुभयो। घरका सबै परिवार माला गाँस्नमा व्यस्त रहँदै गर्दा उहाँले भन्नुभयो, "माला गाँस्न र थन्क्याउन व्यस्त छौं, हामी मखमली फूलखेतीबाट खुसी छौं।" परिवारले मात्रै माला गाँस्न नभ्याए पछि एउटा माला गाँसेको चार रुपैयाँ ज्याला तिरेर माला गाँस्न लगाउने गरेको नगरकोटीले बताउनुभयो। व्यापारी माला किन्न घरघरमै आउने गरेकाले माला बिक्री गर्न बजार जानुपर्ने अवस्था नरहेको उहाँले बताउनुभयो। सूर्यविनायक नगरपालिकाका प्रवक्ता एवं वडा नं–७ गुण्डुका वडाध्यक्ष रविन्द्र सापकोटाले नगरपालिकाले गुण्डुका ५५० परिवारलाई ७५ हजार फूलका बिरुवा अनुदानमा दिएको बताउनुभयो। किसानलाई तालिम र प्राविधिक सहयोग नगरपालिकाले उपलब्ध गराउँदै आएको छ। फूलखेतीबाट पर्याप्त आम्दानी हुने गरेको र यहाँ उत्पादन भएको फूल नेपालमा मात्रै नभई विदेशमा समेत बिक्री गर्न निर्यात हुने गरेको उहाँले बताउनुभयो।

# गर्भवतीलाई क्याल्सियम र आइरन चक्की अभाव

**पोखरापत्र संवाददाता**
गोरखा, २६ असोज

पालुङटार नगरपालिकाका गर्भवतीलाई विगत दुई महिनादेखि क्याल्सियम र आइरन चक्कीको अभाव छ। नगरपालिकाले समयमै खरिद नगर्दा पालिकाभरका गर्भवतीले नियमित रूपमा सेवन गर्नुपर्ने क्याल्सियम र आइरन चक्की खान नपाएका स्वास्थ्यचौकीका इन्चार्जहरूले बताएका छन्।

विगत दुई महिनादेखि गर्भवतीलाई क्याल्सियम र आइरन चक्की दिन नपाएको नगरपालिकाको केन्द्र ठाँटीपोखरी बजारमा अवस्थित वडा नं ५ को स्वास्थ्यचौकीले जनाएको छ। "केही महिनादेखि नै आइरन चक्की र क्याल्सियमको अभाव भइरहेको छ। दुई महिनायता ठप्पै छ", ठाँटीपोखरी स्वास्थ्यचौकी स्वास्थ्यकर्मी रमा थापामगरभन्नुहुन्छ,'क्याल्सियम र आइरन चक्की लिन आउनेलाई बजारका औषधि पसलमा किनेर खान सुझाव दिने गरेका छौं।"

दशवटा वडा रहेको पालुङटार नगरपालिकाको सबै स्वास्थ्य संस्थामा क्याल्सियम र आइरन चक्की छैन। "विगत डेढ महिनादेखि आइरन चक्की र क्याल्सियम छैन", वडा नं १० को स्वास्थ्यचौकी प्रमुख अनिशा जोशी भन्नुहुन्छ, "हामीले पनि आफैं किनेर खानुस् भनेर फर्काउने गरेका छौं। अब औषधि कहिले आउँछ थाहा छैन। सित्तैमा पाइने औषधि पैसा हालेर किन्नुपर्ने भन्दै गर्भवतीहरू गुनासो गर्नुहुन्छ। कतिपय महिलाले भने स्वास्थ्यचौकीले नै किनेर उपलब्ध गराउन दबाब दिने गरेको उहाँको भनाइ छ। "कतिपय औषधि पसलमा पनि धेरै आइरन चक्की किन्न नदिने रहेछन्। अनि महिला रिसाएर हामीलाई नै किनेर व्यवस्था गरिदिन भन्नुहुन्छ", उहाँले भन्नुभयो। मिरकोट स्वास्थ्यचौकीबाट करिब २५ गर्भवतीले नियमित रूपमा आइरन चक्की र क्याल्सियम खाँदै आएका जोशीले बताउनुभयो। पालिकाको वडा नं ९ स्थित सेरा स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मी गङ्गादत्त सेढाईंले पनि आफ्नो स्वास्थ्यचौकीमा आइरन चक्की र क्याल्सियम अभाव रहेको गुनासो गर्नुभएको छ। "दुई महिनादेखि आइरन चक्की र क्याल्सियम अभाव छ", उहाँले भन्नुभयो।

प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख यामप्रसाद शर्माले आइरन चक्की र क्याल्सियम जस्ता औषधि खरिद गर्ने जिम्मेवारी स्थानीय तहकै रहेको बताउनुभयो। "सरकारले नागरिकलाई निःशुल्क प्रदान गर्ने ९८ प्रकारका औषधिमध्ये कतिपय सङ्घबाट, कतिपय प्रदेश र कतिपय स्थानीय तह आफैंले किन्नुपर्ने प्रावधान छ। जसमध्ये आइरन चक्की र क्याल्सियम सङ्घीय बजेटबाट स्थानीय तह आफैंले किन्नुपर्ने हुन्छ।" उहाँले भन्नुभयो, 'तर विगतमा आइरन चक्की र क्याल्सियम सङ्घबाटै आइरहेको अवस्था थियो। तीन/चार महिनाअघिमात्र सङ्घले यी औषधि पठाउन नसक्ने र स्थानीय तह आफैंले व्यवस्थापन गर्नुपर्ने भनेर सूचना जारी गरेको छ।" त्यसपछि पालिकाहरू आफैंले ती औषधि व्यवस्थापन गर्नुपर्ने हुन्छ। प्रदेश जनस्वास्थ्य कार्यालयले प्रदेश आपूर्ति केन्द्रबाट आएको औषधि पालिकापालिकामा पठाउने काममात्र हेर्ने शर्मा बताउनुहुन्छ।

# तोरीपानीका पाँचघरमा सयपत्री 'होमस्टे' सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ असोज



बेनी नगरपालिका–९ तोरीपानीमा घरबास (होमस्टे) सञ्चालन भएको छ।

तोरीपानी घुम्न आउने पर्यटकको सुविधा, स्थानीयको आयआर्जन सुधार, रोजगारीका अवसर सृजना र पर्यटन प्रवर्द्धनका लागि होमस्टे सञ्चालन भएको हो। पहिलो चरणमा पाँचवटा घरमा २१ जना क्षमताको घरबास सञ्चालन भएको समूहकी अध्यक्ष सीता खत्रीले बताउनुभयो। "पाहुना राख्नका लागि कोठा र शौचालयलगायत पूर्वाधार तयार भएका छन्", उहाँले भन्नुभयो, "इको हिमालय संस्थाले बेड, विस्तारा र सरसफाइका लागि आवश्यक पर्ने करिब रु छ लाख मूल्यबराबरका सामग्री सहयोग गरेको छ।" जुना खत्री, रश्मी चोखाल, सुजना चोखाल, युव गिरी र जमुना क्षेत्रको घरबास सुरु भएको हो। संस्था दर्ता भइसकेको छ। दोस्रो चरणमा थप घरमा पनि घरबास सञ्चालनको तयारी भएको छ। समुद्री सतहदेखि एक हजार ७५० मिटर उचाइमा अवस्थित तोरीपानीको पृष्ठभूमिमा धवलागिरि र अन्नपूर्ण हिमाल देखिन्छ। मसलेदार फल टिमुरखेतीका लागि तोरीपानी प्रसिद्ध छ। तोरीपानीको शिरमा पर्यटकीयस्थलटोड्के,ऐतिहासिकस्थल ढोलथान दरबार, धार्मिकस्थल पछै छन्।

बेनीदेखि नेप्टेचौर हुँदै तोरीपानी जोड्ने सडक गण्डकी प्रदेश सरकारमार्फत कालोपत्रसहित स्तरोन्नतिका क्रममा छ। तोरीपानी हुँदै बाइसेचौबीसे राज्यको पालामा दरबार रहेको ढोलथान जोड्ने सडक सङ्घीय सरकार र नगरपालिकामार्फत स्तरोन्नतिका लागियोजनाहरूसञ्चालनभएका छन्। बेनीमा आउने पारिवारिक वातावरणमारमाउनेच्छुकपाहुनाका लागि तोरीपानी उपयुक्त गन्तव्य बन्न सक्ने देखिन्छ। तोरीपानी हुँदै पैदलयात्रा र सडकको प्रयोग गरेर बेनी नगरपालिका, रघुगङ्गा गाउँपालिका र मङ्गला गाउँपालिकाको सिमानामा अवस्थित टोड्के जान सकिन्छ।

घरबासका माध्यमबाट पर्यटन प्रवर्द्धन, रोजगारी सृजना र स्थानीयको आयआर्जन वृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको वडाध्यक्ष चन्द्र केसीले बताउनुभयो।

# ९० वर्ष पुगेका जेष्ठ नागरिकको सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असोज



जेष्ठ नागरिक कल्याणकारी संस्था, पोखरा १३ आर्वाले ९० वर्ष पुगेका जेष्ठ नागरिकहरुलाई सम्मान गरेको छ।

आइतबार आयोजित कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगर पालिका वडान १३ का वडा सदस्य सुचित तामाङले सम्मान गरेकी हुन्। अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस असोज १५को सन्दर्भ पारेर आज आयोजित कार्यक्रममा आर्वाका ९३ वर्षिया देवकी बराल,९३ वर्षिय भीमबहादुर बराल,९२ वर्षिय पशुपती बराल तथा ९१ बर्षिया काशी गुरुङलाई दोसल्ला, सम्मान पत्र, फुलमाला तथा फलफुल सहित सम्मान गरिएको हो। जेष्ठ नागरिक कल्याणकारी संस्था, पोखरा १३ आर्वाका अध्यक्ष बलराम सिग्देलको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा उपाध्यक्ष सरस्वती बरालले कार्यक्रम सञ्चालन तथा सदस्य बसन्त शर्मा अधिकारीले स्वागत गरेका थिए। कार्यक्रममा आर्वाका बहुसंख्यक जेष्ठ नागरिकहरुको उपस्थिति रहेको थियो। संस्थाले हरेक वर्ष यस प्रकारको सम्मानको कार्यक्रमहरु गर्दै आएको कोषाध्यक्ष रामकाजी बरालले जानकारी दिए।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : व्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



**VACANCY ANNOUNCEMENT**

Naulo Ghumti Nepal(NGN), a Pokhara-based NGO working in the field of drug rehabilitation and HIV/AIDS prevention invites applications from qualified candidates for the following position

**Post: Admin and Finance Assistant (NGN Level – 3) – 1 Psn**
**Minimum Qualifications and Competencies:**
- Completion of +2 (Intermediate level) in Management.
- At least two years of progressively responsible experience in a similar role. Experience with an I/NGO will be considered an added advantage.
- Proficiency in using computer applications and accounting software, especially Tally.

**Salary and Benefits:**
As per the rules and regulations of NGN.
**How to Apply:**
Interested candidates are requested to submit a cover letter, updated CV, and relevant testimonials to the following email address by **19 October 2025 (02 Kartik 2082)**
**Email:** vacancy.nauloghumti@gmail.com
*Only candidates selected for shortlisting will be contacted.*

Naulo Ghumti Nepal
Pokhara 17, Sitapaila

# आयातित प्रसाद रोक्न 'रोट' बनाइँदै

डम्मर बुढामगर
बागलुङ, २६ असोज/रासस

बागलुङ नगरपालिका-१ का डम्मरबहादुर मल्ल बिहान झिसमिसेमै कालिका मन्दिर गेटमा पुग्नुहुन्छ । जहाँ उहाँको सानो पसल र रोट (मन्दिरमा चढाउने प्रसाद) बनाउने अँगेनो छ । मन्दिरमा भक्तजन आउनुपूर्व नै मल्लले 'रोट' बनाउन सुरु गर्नुहुन्छ । मन्दिरमा आउने भक्तजन मल्लको रोट पकाउने अँगेनो छेउमै आएर तात्तातो रोट लिएर चढाउन जान्छन् । मल्ल बिहानदेखि साँझसम्मै रोट बनाउनमा व्यस्त हुनुहुन्छ । अहिले उहाँको दैनिकी रोट बनाउने र बिक्री गर्नमै बित्ने गरेको छ ।



मन्दिरमा आउने दर्शनार्थीले प्रसादका रूपमा आयातित तयारी मिठाई तथा नरिवल चढाउने चलन बढेपछि मल्लले मन्दिर गेटमै पसल स्थापना गरेर रोट बनाउन थाल्नुभएको हो । अहिले उहाँले उत्पादन गरेको रोट बागलुङमा ब्राण्ड बन्दै गएको छ । मन्दिरमा आउने हरेक दर्शनार्थीले मल्लले रोट बनाएको हेर्छन् । कतिले किन्छन् त कतिले रोट बनाएको देखेर मुख मिठाउँदै फर्किन्छन् । भगवान्लाई चढाउने रोट मल्ले बनाउन थालेपछि कालिका मन्दिरसँगै म्याग्दी, पर्वत र मुस्ताङ जिल्लाका अन्य मन्दिर पनि यहाँबाट किनेर लैजाने गरेका छन् । डम्मरले आयातित प्रसाद रोक्न छ वर्ष अगाडिदेखि यहाँ रोट बनाउन थाल्नुभएको हो । बागलुङ कालिकामा दुई दशक अगाडिसम्म रोट चढाइन्थ्यो । लामो समय मिठाई, नरिवललगायत अन्य प्रसाद चढाउन थालिएको कालिकामा अहिले फेरि रोट चढाउन सुरु भएको छ । पहिले पूजाअर्चना गर्न आउने दर्शनार्थीले घरबाटै तयारी रोट लिएर कालिका मन्दिरलाई चढाउने गरेकामा अहिले मल्लको पसलबाट किन्न थालिएको छ । बागलुङमा रोट बनाउने मल्ल एक्लो व्यवसायी हुनुहुन्छ । भगवान्लाई स्थानीय उत्पादन नै चढाउनुपर्छ भन्ने उद्देश्यले रोट बनाउन थालेको मल्ल बताउनुहुन्छ ।

पहिले हरेक नागरिकले मन्दिरमा पूजा गर्न आउँदा रोट ल्याउने गरेको स्मरण गर्दै त्यो परम्परालाईपुनः फर्काउनुपर्ने उहाँले बताउनुभयो । रोटलाई कालिका मन्दिर चढाइने शुद्ध र चोखो प्रसादका रूपमा लिने हुँदा पछिल्लो समय धेरैले रोट चढाउन थालेको मल्लको भनाइ छ । दुईतीन वर्ष अगाडिसम्म बुढापाकाले मात्र रोट किनेर चढाउने गरेको भए पनि पछिल्लो समय युवायुवतीले पनि चढाउन थालेका उहाँले सुनाउनुभयो । "कालिकामा रोट चढाउने त पुरानो प्रचलन हो, मौलिकता हो, तर पछिल्लो समय धेरै बाहिरबाट ल्याएको प्रसाद चढाउन थाले, त्यसले गर्दा रोटको महत्व घटेको थियो, अहिले फेरि धेरैमा रोट चढाउनुपर्छ भन्ने सोचको विकास भएको छ", मल्लले भन्नुभयो, "यहाँ बनाउने रोट शुद्ध हुन्छ, केही मिसावट हुँदैन, भक्तजनलाई उहाँहरूकै आँखा अगाडि रोट बनाएर दिन्छौँ, अहिले त धेरैले रोट चढाउनुपर्छ भनेर आउनुहुन्छ, विस्तारै रोट चढाउने थिति बस्दैछ ।" मल्लले रोट बनाउन थालेपछि सुरुमा बिक्री हुँदैनथ्यो । उहाँलाई स्थापित हुन निकै गाह्रोसमेत भएको थियो । तर अहिले मल्लको व्यवसाय फस्टाउन थालेको छ । अहिले पनि मन्दिरमा हजारौँ भक्तजन आए पनि सीमितले मात्र रोट चढाउने गरेका छन् । तर यसबाट मल्ल भने सन्तुष्ट रहेको बताउनुहुन्छ । मल्लले दसैँ अवधिमा मात्र रु दुई लाखको रोट बिक्री गर्नुभयो । हरेक दिन ५० देखि १०० रोट बिक्री हुने उहाँले सुनाउनुभयो ।

चामलको पीठोमा चिनी, नरिवल, बदाम, काजु मिसाएर घ्युमा रोट पकाउने गरिन्छ । प्रतिगोटा रोटलाई चार सयका दरले बिक्री गर्ने गरेको मल्लले सुनाउनुभयो । वार्षिक रु सात लाखबराबरको रोट बिक्री हुने उहाँको भनाइ छ ।

रोट बिक्री गरेर भगवान् को सेवा गरेको भन्दै यहीबाट आफ्नो परिवार चलाएको मल्लले बताउनुभयो । पछिल्लो समय कालिका मन्दिरमा बर्सेनि ५० लाखभन्दा बढीको नरिवल बिक्री हुने गरेको छ । कालिका दर्शन गर्न आउने जोकोहीको हातमा पनि नरिवल हुन्छ । तर, पछिल्लो पुस्ताले बिर्सिएको रोट चढाउने परम्परा अहिले पुनः प्रचलनमा आउन थालेको छ । मन्दिर आउने बुढापाकाले रोट खोजेरै चढाउन लैजाने गरेका छन् ।

# बिकास नेपालको २१ औँ बार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज




बिकास नेपालको २१ औं बार्षिक साधारण सभा आइतबार पोखरामा सम्पन्न भएको छ ।

सो सभाको उद्घाटन गर्दै प्रमुख अतिथि वडा नं १५ का वडाअध्यक्ष तोरण बहादुर बानियाँले स्थानीय सरकारले सबैसाग पहुँच पुर्याउन पनि गैह्रसरकारी संस्थाको आवश्यकता रहेको बताउनुभयो । उहाँले हरेक क्षेत्रमा इमान्दारिता र कर्मशिलता भएमा मात्र समाजले फड्को मार्न सक्ने धारणा राख्नुभयो । कार्यक्रममा संस्थाका सल्लाहकार रमेश पौडेलले कुनै पनि सरकारको ध्यान नपुगेको स्थानमा गैह्र सामाजिक संस्था पुगेर काम गरिरहेको बताउनुभयो । गैसस महासंघ गण्डकी प्रदेशका इन्चार्ज गोपाल खड्काले गैह्र सरकारी संस्थाहरु सरकारसँग समन्वय गरी अगाडि बढेमा अन्तराष्ट्रिय दाताहरु सहकार्य गर्न इच्छुक हुने बताउनुभयो ।यस संस्थाले अपाङ्गता र कुष्ठरोग क्षेत्रमा काम गर्दै आएकोमा अझै प्रभावकारी ढंगबाट अगाडि बढ्नु पर्नेमा निवर्तमान अध्यक्ष बुद्धि बहादुर थापाको जोड थियो । सभामा संस्थाका सचिव बुद्धि बल रम्तेलले आ.व. ०८१/०८२ को बार्षिक प्रगति प्रतिवेदन र आ.व. ०८२/०८३ को प्रस्तावित बार्षिक योजनो प्रस्तुत गर्नुभएको थियो । त्यस्तै संस्थाका कोषाध्यक्ष शंकर पन्थले आ.व. ०८१/०८२ को आर्थिक प्रतिवेदन र आ.व. ०८२/०८३ को प्रस्तावित बार्षिक बजेट प्रस्तुत गर्नुभएको थियो । संस्थाका अध्यक्ष गणेश पाख्रीनको अध्यक्षतामा सम्पन्न सो सभामा उपाध्यक्ष विमला कुमारी केसीले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# गुँदे सहकारीको छैठौँ साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

गुँदे वातावरण संरक्षण तथा मत्स्य सहकारी संस्था लिमिटेडको छैठौँ साधारण सभा शनिबार सम्पन्न भएको छ ।



सो सभाको उद्घाटन गर्दै प्रमुख अतिथि संस्थाका पूर्वअध्यक्ष ठाकुर प्रसाद ढुंगानाले सहकारी एकआपसमा सहकार्य गर्ने संस्था रहेको बताउनुभयो । उहाँले सबै सदस्यहरुको साथ सहयोगले गर्दा सहकारी उचाईमा पुगिरहेको धारणा राख्नुभयो ।

सभामा संस्था सचिवको प्रतिवेदन बद्रीनाथ ढुंगाना, कोषाध्यक्षको प्रतिवेदन दधिराम पौडेल र लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन संयोजक अनिल भण्डारीले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा संस्थाका उत्कृष्ट कारोबारकर्ता शिरमाया गुरुङ, उत्कृष्ट मासिक बचतकर्ता शोभा बराल, दैनिक बचतकर्ता गिता राजभाट, उत्कृष्ट कृषक मन बहादुर पुन, +२ उत्तिर्ण विद्यार्थीका तर्फबाट शेयर सदस्य खेमराज ढुंगानाकी छोरी दिया ढुंगाना लगायतलाई सम्मान गरिएको थियो । कार्यक्रममा सल्लाहकार मुरारी बराल, सुर्यनाथ भण्डारी, नवराज ढुंगाना, शेयर सदस्यको तर्फबाट शर्मिला सुनार, बैकुण्ठ बराल लगायतले सहकारीको बारेमा आफ्नो भनाई राख्नुभएको थियो । संस्थाका अध्यक्ष बामदेव ढुंगानाको अध्यक्षतामा सम्पन्न सो सभामा सदस्य सरस्वती ढुंगानाले स्वागत मन्तव्य राख्नुभएको थियो । २०७६ सालमा स्थापना भएको यस संस्थामा ४ सय ८८ सदस्य रहेका छन् । संस्थाको शेयर पुंजी ६६ लाख ३७ हजार रहेको छ ।

# धानबालीमा फड्के कीराको सङ्क्रमण

पोखरापत्र संवाददाता
पर्वत, २६ असोज

जिल्लाको पैँयु र बिहादी गाउँपालिकाका बिभिन्न वडामा धानबालीमा फड्के कीराको सङ्क्रमण तीव्र रुपमा फैलिएको छ ।



धान फलेर पाक्ने बेलामा फड्के कीराको सङ्क्रमण बढेपछि कृषक चिन्तित बनेका छन् । कृषि ज्ञान केन्द्रका अनुसार कृषि प्राविधिकको स्थलगत अनुगमनका क्रममा ती क्षेत्रमा कीराको आक्रमणका कारण धानबालीमा व्यापक क्षति पुगेको पाइएको छ । फड्के कीराको बयस्क र बच्चा दुवै चरणले धानको पातको फेदबाट रस चुस्ने हुँदा बोटका पात पहेँलो हुने, फोस्रा दाना लाग्ने र उत्पादनमा उल्लेख्य गिरावट आउने खतरा रहेको केन्द्रले जनाएको छ । अत्यधिक आक्रमण भएका क्षेत्रमा धानका बोट नै सुक्ने अवस्थासमेत देखिएको छ । त्यसलाई 'होपर बर्न' समस्या रहेको बुझिने केन्द्रले जनाएको छ । कृषि ज्ञान केन्द्रका प्रमुख पर्शुराम अधिकारीले पैँयु गाउँपालिकाअन्तर्गतका केही वडामा फड्के कीराको सङ्क्रमण फैलिरहेको बताउनुभयो । उहाँले सङ्क्रमण नियन्त्रणका लागि अनुगमन र प्राविधिकको रिपोर्टका आधारमा विषादी सिफारिस गरिएको बताउनुभयो ।

उहाँका अनुसार, उच्च आद्रता, खेतमा स्थायी पानी जम्ने अवस्था, असमान रोपाइँ समय, अत्यधिक नाइट्रोजनयुक्त मलको प्रयोग र कीटनाशक विषादीको अनियन्त्रित प्रयोग कीराको वृद्धि हुने प्रमुख कारण रहेका छन् । यस्ता कीराले धानमा लाग्ने भाइरसजन्य रोग सार्ने माध्यमको काम पनि गर्ने भएकाले थप सावधानी अपनाउनुपर्ने अधिकारीले बताउनुभयो । सङ्क्रमण न्यूनीकरणका लागि रोपाइँ एउटै समयमा सम्पन्न गर्ने, खेतमा हावापानीको उचित व्यवस्था मिलाउने, युरिया मलको सन्तुलित प्रयोग गर्नुपर्ने, अनावश्यक रूपमा विषादी प्रयोग नगर्ने, मित्र कीटको संरक्षण गर्ने र गुणस्तर युक्त विषादीको प्रयोग गर्नुपर्ने उहाँको भनाइ छ । अधिकारीका अनुसार, कृषकलाई आवश्यक जानकारी दिन प्राविधिक परिचालन गरिएको छ । साथै, सङ्क्रमण रोकथामका लागि खेतको नियमित अवलोकन र कीट व्यवस्थापनमा विशेष सतर्कता अपनाउन सुझाव दिइएको केन्द्रले जनाएको छ ।

कृषि ज्ञान केन्द्रले कीराको सङ्ख्या बढी देखिएका क्षेत्रमा विषादी प्रयोग गर्दा धानको बोटको फेदमा पुग्नेगरी छर्कन आग्रह गरेको छ । पर्वतका अन्य क्षेत्रमा पनि यस्तै समस्या देखिनसक्ने भएकाले सावधानी अपनाउन कृषक र स्थानीय तहलाई जानकारी गराइएको छ । रोग निदानका लागि कृषकलाई तीन पटकसम्म खेतबाट पानी एक हप्ता राखी त्यसपछि पानी निकास गर्ने र चार पाँच दिन खेत सुक्खा राख्नेगरी सिँचाइको व्यवस्था गर्न सुझाव दिइएको छ ।

# स्थानीयवासीद्वारा चुँदीरम्घामा भानुभक्तको प्रतिमास्थल संरक्षणमा

पोखरापत्र संवाददाता
दमौली, २६ असोज

यहाँको भानु नगरपालिका-४ चुँदीरम्घास्थित आदिकवि भानुभक्त आचार्यको प्रतिमास्थललाई स्थानीयवासी संरक्षण गरेका छन् । स्थानीयवासीले प्रतिमास्थलका कम्पाउण्ड मर्मत गरेका हुन् । भानुभक्त आचार्यको जन्मथलो चुँदीरम्घास्थित प्रतिमास्थलको कम्पाउण्ड जीर्ण भएपछि स्थानीयवासीले उक्त कम्पाउण्ड मर्मत गरेका हुन् ।

विसं २०३६ मा तत्कालीन राजाले उक्त ठाउँमा भानुभक्त आचार्यको अर्धकदको प्रतिमा निर्माण गरेको स्थानीय युवा सन्देश आचार्यले जानकारी दिनुभयो । राज्यस्तरबाटै चरम उपेक्षामा परेको यस ठाउँ भाँडी भएपछि स्थानीयवासीले भाँडी सरसफाइ गर्दै जीर्ण कम्पाउडको मर्मत गरेको आचार्यले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो पहिचानको श्रेय राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यलाई जान्छ । हामीले चुँदीरम्घाली भनेर गर्व गर्न सक्ने आँट र साहस भानुभक्त आचार्य हुन् । तर भानुभक्त आचार्यको महत्व सरकारले बुझ्न सकिरहेको छैन ।"

स्थानीय आमाबुवा, युवायुवती भेला भएर सरसफाइ र कम्पाउण्ड मर्मत गरिएको आचार्यले उल्लेख गर्नुभयो । भानुभक्त आचार्यको नाममा आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन गरिए पनि उक्त समितिले चासो नदिँदा यस ठाउँको दयनीय अवस्था भएको आचार्यको गुनासो छ । उहाँले भन्नुभयो, "सम्बन्धित निकायले गरेन भनेर हामी टुलुटुलु हेरेर बस्ने अवस्था छैन, स्थानीयवासी जाग्नैपर्छ ।"

भानुभक्त जन्मस्थल विकास समिति यसअघि सङ्घीय सरकारमातहत रहे पनि केही समय अगाडि उक्त समिति स्थानीय तहमा गाभिएको छ । उक्त समितिले भानुभक्त आचार्यको जन्मथलोको विकास र प्रचारप्रसारमा जति काम गर्नुपर्थ्यो त्यति हुन नसकेको आचार्यको दुःखेसो छ । भानु नगरपालिका-४ चुँदीरम्घामा १८७१ साल असार २९ गते जन्मिनुभएका आचार्यको १९२५ साल असोज ६ गते निधन भएको थियो ।

# विपन्नका लागि म्याग्देमा घर निर्माण गरिने

पोखरापत्र संवाददाता
दमौली, २६ असोज

यहाँको म्याग्दे गाउँपालिकाले चालु आर्थिक वर्षमा आर्थिक रुपमा विपन्न वर्गलाई १२ वटा नमुना आवास निर्माण गर्ने भएको छ । म्याग्देले कूल ६० नमुना आवास निर्माण गर्ने घोषणा गरेबमोजिम गत आवसम्म ४८ घर निर्माण गरी लाभग्राहीलाई हस्तान्तरण गरिसकेको छ ।

सोही योजनाबमोजिम चालु आवमा १२ वटा घर निर्माण गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । हालका जनप्रतिनिधि निर्वाचित भएर आएदेखि पाँच वर्षभित्र विपन्न वर्गलाई ६० वटा घर बनाउने लक्ष्यसहित पालिका अगाडि बढेको उहाँको भनाइ छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकारको समपूरक योजनाबाट आर्थिक रुपमा विपन्न वर्गलाई नमुना आवास कार्यक्रमअन्तर्गत उक्त आवास निर्माण गरिने गाउँपालिकाले जनाएको छ । म्याग्देका सातवटै वडाबाट छानिएका अतिविपन्न व्यक्तिलाई उक्त घर हस्तान्तरण गरिनेछ । सातवटै वडाबाट छानिएका लाभग्राहीको नामावली सार्वजनिक गरिएको छ । वडा नं १ का एक, वडा नं २ का एक, वडा नं ३ का दुई, वडा ४ का दुई, वडा नं ५ का दुई, वडा नं ६ का दुई र वडा नं ७ का दुई जना रहेका छन् । वडा नं १ र २ का दुई/दुई जनालाई वैकल्पिक लाभग्राहीको सूचीमा राखिएको छ । नमुना आवास निर्माणका लागि छनोट भएका लाभग्राहीले सात दिनभित्रमा घर बन्ने जग्गाको सक्कल लालपुर्जा, जग्गाको नापी नक्सा र नागरिकताको प्रमाणपत्रसहित गाउँपालिकामा सम्पर्क राख्न गाउँपालिकाले अनुरोध गरेको छ । गाउँपालिकाले घरविहीन वा जोखिमयुक्त घरमा बस्न बाध्य रहेका परिवारलाई लक्षित गर्दै यो 'नमुना आवास कार्यक्रम' सञ्चालन गरेको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा विपन्न लाभग्राही छनोट गरिएको हो । उहाँले भन्नुभयो, "मैले निर्वाचित भएपछि पाँच वर्षभित्रमा कम्तीमा ६० घर बनाउछौँ भन्ने प्रतिबद्धताअनुसार अहिलेसम्म ४८ घर बनाएर हस्तान्तरण गरिएको र बाँकी १२ वटा घर यसै आवमा हस्तान्तरण गरिनेछ ।"

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८२/०६/२७)

**उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. १० स्थित पोखरामा होटल टास्क ईन्टरनेशनल प्रा.लि. द्वारा ३३ कोठा ४५ शैया क्षमतामा होटल टास्क ईन्टरनेशनल सञ्चालनको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि होटलको सभाहलमा मितिः २०८२/०७/०२ गते आइतबारका दिन बिहान ०९:०० बजे स्थानीय तथा सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्याक्रम हुन गइरहेको हुँदा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु ।**

**आयोजक**
**होटल टास्क ईन्टरनेशनल प्रा.लि.**
**कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. १०**